**Tribhuvan Journal** Vol. 4 No.1.pp.162-169, December, 2025; Research Management Cell, Tribhuvan Multiple Campus, Tribhuvan University, Nepal
DOI: **https://doi.org/10.3126/tribj.v4i1.94725**

# ‘आयाम’ कथामा नारीचेतना

*तुल्सीराम पोखेल*
*tulsirampokhrel77@gmail.com*
*त्रि.वि., त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा*

***Article History:*** *Received 20 May 2025; Reviewed 15 August 2025; Revised 20 October 2025; Accepted 25 November 2025*

**लेखसार**

*प्रस्तुत लेख कथाकार बिना थिङको याम्बुनेर कथासङ्ग्रहमा सङ्कलित ‘आयाम’ कथामा प्रस्तुत नारीवादी चेतनाको अध्ययन गर्ने क्रममा तयार पारिएको छ । समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारधाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति असहमति राख्दै नारीचेतनाले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको समयानुकूल दृष्टिकोण बनाउँछ ।प्रस्तुत कथाको विषयवस्तु नारीअस्तित्वसँग सम्बन्धित भएको तथा प्रमुख पात्र याङ्जीका केन्द्रीयतामा नारीचेतनालाई प्रवाहित गरिएकाले यस कथाको अध्ययन तथा विश्लेषण नारीचेतनाको कोणबाट गरिएको छ । परम्परागत रूढिग्रस्त सामाजिक परिपाटीका कारण नारीमाथि पितृसत्ताले गाँजेको शोषण र त्यसप्रति वर्तमान समाजले नारीचेतनाको दिव्यचक्षुले हेर्नुपर्ने साथै नारी स्वतन्त्रता र समानताको चेतनालाई विश्लेषणको आधार बनाइएको छ । यस कथामा प्रस्तुत भएको नारीवादको सैद्धान्तिक पृष्ठभूमिका आधारमा व्याख्यात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । विवेच्य ‘आयाम’ कथाको केन्द्रीयतामा परम्पराप्रतिको सूक्ष्म तर विहङ्गम विद्रोहात्मक चेतना, नारी अस्तित्व, स्वतन्त्रता र नारीलाई मान्छेका रूपमा जिउन पाउनुपर्ने मान्यतामा जोड दिइएकाले कथामा निहित नारीवादी चेतना सशक्त रूपमा अभिव्यक्त भएको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी*** *: आकर्षण, नारीअस्तित्व, पितृसत्ता, पुनर्विवाह, वैधव्य,*

## विषयपरिचय

आयाम विना थिङ (२०३७) द्वारा लेखिएको कथा हो । काठमाडौं शिक्षा क्याम्पसबाट स्नातकोत्तर तह उत्तीर्ण गरेकी थिङ शिक्षण पेशामा संलग्न रहेकी छिन् । मझेरी डटकम अनलाइन पत्रिकामा पहिलो पटक ‘शंका’ नामक कथा प्रकाशन गरेकी थिङले वि.सं. २०६८ सालदेखि कविता, कथा लगायतका लेख रचना प्रकाशित गरेकी छिन् । उनका *छुकी* (२०६४), *रातोघर* (२०७२) र *याम्बुनेर* (२०७७) कृतिहरू प्रकाशित रहेको पाइन्छ । नारीमनोविज्ञान तथा समस्या चित्रणमा केन्द्रित रहेर प्रगतिवादी जीवनदृष्टि प्रस्तुत गरिएको देखिन्छ भने समस्या मात्र होइन पितृसत्ताले विधवा विवाहलाई स्वीकार नगरे पनि कथाकारले ‘आयाम’ कथामा विधवा विवाहको पक्षमा वकालत गरी नारीचेतनालाई प्रवाहित गरेको पाइन्छ ।

सामाजिक विषयवस्तु तथा नारी समस्यामा आधारित मनोवैज्ञानिक कथाका रूपमा विश्लेषण भएको ‘आयाम’ कथाभित्र प्रयुक्त नारीचेतना सशक्त रहेको पाइन्छ । थिङको *याम्बुनेर* कथासङ्ग्रहको पाँचौं क्रममा रहेको प्रस्तुत ‘आयाम’ कथामा नारीजीवनका सामाजिक र सांस्कृतिक मान्यतालाई हाउगुजी बनाएर विधवालाई

श्रीमानको मृत्युपछि कष्टप्रद जीवन व्यतीत गर्न बाध्य बनाउने नेपाली समाजलाई यस कथाले मान्छे मान्छेलाई मानवताका दृष्टिले हेर्न आग्रह गरिएको पाइन्छ । विधवालाई पनि नेपाली समाजमा पूर्ण मानवका रूपमा जिउन नदिने बरू उल्टै सामाजिक व्यवस्था पर्खाल बन्न गरेको रूढिग्रस्त मान्यतालाई कथाकारले बढो मार्मिक विषयवस्तु उठाएर पितृसत्तात्मक समाजलाई बदलिन आग्रह गरिएको देखिन्छ साथै नारी अस्तित्वको लागि नयाँ शिराबाट भूमिका खेली अर्को नयाँ आयाम थप्न कथा सफल भएको पाइन्छ ।

नारीचेतनाका केन्द्रबाट 'आयाम' कथाको अध्ययन गर्नु नै प्रस्तुत अनुसन्धानको मुख्य प्राज्ञिक समस्या हो । यस कथामा नारीचेतना कसरी अभिव्यक्त भएको छ ? कथाकार थिङले पितृसत्तात्मक नेपाली परिवेशको संरचनाप्रति के कस्तो नारीवादी धारणा प्रस्तुत गरेकी छिन् ? कथामा प्रयुक्त पात्रहरूले नारीचेतनाका आयामलाई के कसरी उपयोग गरेका छन् ? भन्ने शोध समस्यामा केन्द्रित भई नारीवादी सिद्धान्तका सापेक्षतामा अध्ययन अनुसन्धान गरिएको छ । 'आयाम' शीर्षकको कथालाई नारीचेतनाका अवधारणा र मान्यताका आधारमा अध्ययन गर्नु नै मुख्य उद्देश्य रहेको छ । अनुसन्धानका मुख्य प्राज्ञिक समस्या समाधानका लागि 'आयाम' कथामा नारीचेतनाको स्थिति के-कसरी चित्रण गरिएको छ ? नारी स्वतन्त्रता र समानताको उद्‌बोधन लागि पात्रहरू कसरी प्रस्तुत भएका छन् ? भन्ने प्रश्नमा केन्द्रित रहेको छ । थिङको यस कथाको केन्द्रीयतामा नारीचेतनालाई विश्लेषण गर्नु र कथाको अन्य कुनै सन्दर्भको अध्ययन विश्लेषण नगर्नु यस लेखको सीमा हो । यस लेखबाट कथामा अभिव्यञ्जित नारीचेतनाका बारेमा अध्ययन गर्न चाहने अध्येता, अनुसन्धाता, विद्यार्थी तथा जिज्ञासु पाठकले लाभ लिनसक्ने हुँदा यसको उपादेयता स्पष्ट हुन्छ ।

## अध्ययन विधि

प्रस्तुत अनुसन्धानमूलक लेखमा नारीचेतनाका सैद्धान्तिक मान्यतालाई आधार बनाएर व्याख्यात्मक र वर्णनात्मक विधिको उपयोग गरिएको छ । यस लेखलाई सम्पन्न गर्न द्वितीय स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन् । सामग्री सङ्कलनको मुख्य स्रोत पुस्तकालय हो भने यस अध्ययनको प्रमुख स्रोत सामग्री कथाकार बिना थिङको *याम्बुनेर* कथासङ्ग्रहमा सङ्कलित 'आयाम' कथा हो । गुणात्मक प्रकृतिको यस अध्ययनमा कथामा निहित नारीचेतना प्रस्तुत गर्न नारीवादको सैद्धान्तिक पर्याधार निर्माणका लागि सैद्धान्तिक र समालोचनात्मक सन्दर्भग्रन्थहरू उपयोग गरी कथालाई नारीचेतनाका सापेक्षतामा वस्तुपरक विश्लेषण गरी निष्कर्ष निकालिएको छ । कृतिपठनलाई केन्द्रमा राखेर निगमनात्मक, वर्णनात्मक र व्याख्यात्मक विधिबाट सामग्रीको अध्ययन विश्लेषण गरी अर्थापन गरिएको छ ।

## नारीवादको सैद्धान्तिक पर्याधार

नारीमाथि हुने सबै किसिमका विभेद र शोषणको विरोध गर्दै नारी स्वतन्त्रता, समानता र नारी अस्तित्वको पक्षमा सचेत हुनु नारी चेतना हो । नारी चेतनाको सैद्धान्तिक आधार नारीवाद हो र यो अङ्ग्रेजीको 'फेमिनिज्म' शब्दको नेपाली रूपान्तर हो । नारीवाद पितृसत्ताको विरोध मात्र नभई नारीमाथि हुने गरेका सम्पूर्ण विभेदजन्य क्रियाकलापहरूको विरोध स्वरूप उठेको आवाज हो । त्यसैले यसले नारीलाई केन्द्रमा राखेर साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण गर्दछ (अधिकारी, २०७६, पृ.१०८-१०९) । नारीवादी विचार समाजमा विद्यमान विभेदका विरूद्धमा समानताको खोजी गर्ने र त्यसका निम्ति सङ्घर्षको परिणतिका रूपमा विकसित भएको हो । कतै यसलाई स्त्रीवाद पनि भन्ने गरेको पाइन्छ । युगौँदेखि पुरुषद्वारा शासित हुँदै आएको समाजमा नारीले पनि पुरुषसरह हक अधिकार पाउनुपर्ने समानताको आवाज नारीवादले उठाएको पाइन्छ (गैरे, २०७९, पृ.१२३) ।

यसरी नारीवादी सिद्धान्तको ध्येय भनेको समाजमा कायम रहेका लैङ्गिक असमानता र पितृसत्तात्मक अभिमानलाई पहिचान गरी त्यसको अन्त्यतिर उन्मुख हुन गरिएको आग्रह हो । यस सिद्धान्तले पुरुषलाई केन्द्रमा र नारीलाई किनारीकृत गर्ने सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक मान्यताको आलोचना गर्दै महिलालाई समान हक, अवसर र सम्मान दिलाउने अभीष्ट राखेको पाइन्छ । साथै नारीमाथि हुने विभेद, हिंसा, शोषण तथा उत्पीडनका सबै रूपहरूको विरोध गर्दै न्यायपूर्ण, समावेशी र समतामूलक समाज निर्माणतर्फ चेष्टा राख्नु नारीवादी सिद्धान्तको अवधारणा मानिन्छ ।

स्त्रीवाद नारी सम्बन्धी त्यस्तो सिद्धान्त हो जसले नारीलाई मुक्ति दिन, उठाउन र आत्मनिर्भर बन्न बल दिन्छ । समाजमा स्वास्नीमान्छे पीडित छन् र सुविधाबाट बञ्चित छन् । स्वास्नीमान्छेलाई त्यहाँ स्थान दिलाउन चाहन्छ जहाँ लोग्ने मान्छेहरू आफ्नै अधिकार ठान्दै आएका छन् । सुधारवादी तथा उदारवादी अर्थमा स्त्रीवाद ध्वंसात्मक छैन र नारीलाई नरकै समानतामा उठाउँदै दुवैको मैत्रीमा जोड दिन्छ । विश्वमा उठेका नारी स्वतन्त्रताका आन्दोलनहरू यौन समानताको माग गर्दै आएका छन् । सामाजिक, राजनीतिक तथा आर्थिक तहहरूमा लोग्ने मान्छेकै जति अधिकार प्राप्त हुनपर्छ भनेर लड्दछ । त्यस रूपमा लोग्ने मान्छेको विरोध गर्ने र उसबाट नारीलाई अलग्याउने चेष्टा हुँदैन (गौतम, २०५०, पृ.४०८) । यसरी नारीवादले महिलालाई स्वतन्त्रता, समानता र आत्मनिर्णयका अधिकार दिलाउन पितृसत्तात्मक सामाजिक संरचनाविरूद्ध सङ्घर्ष गर्ने सैद्धान्तिक आधार प्रस्तुत गर्दछ ।

'नारीवाद' पौरुष पक्षपातका विरूद्धको चुनौति हो । हरेक सामाजिक, राजनीतिक सन्दर्भमा पुरुष पहिलो हैसियतमा बसेको छ र महिला किनारामा पुऱ्याइएकी छ अर्थात् महिला हरेक सन्दर्भमा सीमान्तीकृत छ । हरेक सन्दर्भको मूल धारमा पुरुष ढसमस्स बसेको छ । अर्थात् मूलधार भनेकै पुरुष धार भएको देखिन्छ । हरेक सन्दर्भका मूल धारमाथिको पुरुषको एकलौटी आधिपात्यका विरूद्ध महिलाहरू क्रियाशील हुँदा नारीवादको जन्म भएको देखिन्छ । यसरी नारीवाद भनेको मूलधारको शब्दगत र कर्मगत आलोचना हो भन्ने बुझिन्छ (त्रिपाठी, २०७६, पृ.२१३) नारी चेतनाले महिलाको दमन, शोषण र असमानताको विरोध गर्दै सामाजिक, आर्थिक तथा राजनैतिक तहहरूमा समान स्थान स्थापित गर्न खोजेको पाइन्छ ।

नारीलाई सिङ्गो रूपमा नारीले मात्र चिन्न सक्छन्, नारीले मात्र न्याय गर्न सक्छन् र नारी पात्रहरूको विश्लेषण पनि नारीबाट मात्र सही रूपमा हुन सक्दछ भन्ने किसिमका विभिन्न चिन्तनहरूका पृष्ठभूमिमा नै नारीवादी समालोचना विकसित भएको हो (त्रिपाठी, २०६९, पृ.३९) । यसरी नारीको हैसियत उँचो बनाउन नारी स्वयम्ले नारीप्रति न्यायपूर्ण व्यवहार अपनाउनु पर्छ । महिला बिचमा आपसी सहानुभूति, सहयोग र परस्परको विश्वासले नै नारी सशक्तीकरण, रोजगारी, नेतृत्व र सहज पहुँच सुनिश्चित गर्न सकिन्छ भन्ने कुराको अध्ययन यसमा हुन्छ । नारी-नारीका बिचमा एकता र सहकार्यले पितृसत्तात्मक संरचनाबाट उत्पन्न असमानता र हिंसालाई चेतना भरिदिन्छ वा चुनौति दिन्छ ।

समाजमा चिरकालदेखि प्रबल रहेको लिङ्गकेन्द्री पुरुष विचारधाराका साथै पितृसत्तात्मक धारणा र साहित्यको पुरुषपरक व्याख्याप्रति प्रश्नचिह्न खडा गर्दै यसले पुरुषद्वारा निर्धारित नारीको स्थान तथा परम्परित मूल्य र स्वरूपको विरोध गर्छ । नारीवादी समालोचनाले स्वयं नारीहरू जीवनबारे के अनुभव गर्छन्, के सोच्छन् र के क्रिया गर्छन् भन्ने गतिविधिलाई विशेष महत्त्व दिन्छ । नारीकेन्द्री परिप्रेक्ष्यबाट नारी हक, हित र समानताको पक्षधारतालाई नारीवाद भनिन्छ । पुरुषद्वारा स्थापित नारीसम्बन्धी समस्त धारणा, दृष्टिकोण,

पूर्वाग्राह, मान्यता, कल्पना र साहित्यमा नारीको स्थिर चरित्रचित्रण आदिलाई नकार्दै यसले नारीको वास्तविक अस्तित्व र पहिचान कायम गर्नेतर्फ दरो पाइला चालेको छ (शर्मा, २०६३, पृ.३७१) । यसरी नारीको सामाजिक उपस्थिति निरस होइन बरू समाजमा सघन स्थान, अवसर र भूमिकालाई मजबुत पार्न माहिलाबिचको न्यायपूर्ण व्यवहार र समर्थनलाई अपरिहार्य मानिन्छ । अरू राजनीतिजस्तै नारीवाद पनि नारी मुक्तिका लागि सुरू भएको राजनीतिक आन्दोलन हो (भट्टराई, २०७७, पृ.१२४) । यसले नारीलाई केन्द्रमा राखेर अध्ययन विश्लेषण गर्दछ । अध्येय कथामा पनि नारीलाई स्वतन्त्र, स्वाभिमानी र आत्मनिर्णयपूर्ण जीवनतर्फ अघि बढ्न सक्ने पात्रका रूपमा उभ्याएर नारी चेतनालाई सशक्त मुखरित गरिएको पाइन्छ । त्यस्तै पति गुमाएर जीवनका सबै सपना मुर्झाएकी शन्तमायालाई आफ्नै कार्यस्थलका विधुर सानु तामाङसित विवाह गर्नुले माहिलाको भविष्यको सुरक्षा, भावनात्मक पुनर्स्थापना र स्वतन्त्र निर्णायक भूमिकालाई उजागर गरेको पाइनुले कथा नारी चेतनाका कोणबाट सशक्त र सघन बनेको देखिन्छ ।

## नतिजा र विश्लेषण

प्रस्तुत लेखमा 'आयाम' कथामा अभिव्यक्त नारीचेतनाका विषयमा अध्ययन गरी अर्थापन गरिएको छ । यसक्रममा कथामा आएका पात्रहरूको स्वभाव, सामाजिक चेतना, वैश्विक दृष्टिकोण, नारीप्रतिको सम्मान र नारी भविष्यको दूरदृष्टि, विधवा विवाहसम्बन्धी प्रगतिशील अवधारणा र सांस्कृतिक नवप्रवर्तन गर्ने दृष्टिकोण, नारी अस्तित्वका सन्दर्भमा आत्मनिर्णयको स्वतन्त्रता, नारीको प्रेरणा स्वयम् नारी बनेर गरिएको सहकार्य आदि जस्ता विचारले कथामा नारीचेतना परिपाक अवस्थामा पुगेको कुरालाई 'आयाम' कथाको केन्द्रीयतामा निरूपण गरिएको छ ।

बिना थिङद्वारा लेखिएको आयाम कथा *याम्बुनेर* कथासङ्ग्रहमा सङ्कलित तेह्रवटा कथाहरूमध्येको पाँचौं क्रममा रहेको पाइन्छ । यो कथा थिङका कथाहरूमध्ये अत्यन्तै प्रसिद्ध तथा नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्क्रम विकास केन्द्रले प्रथम संस्करण-२०७९ को माध्यमिक तह कक्षा दशको अनिवार्य नेपाली विषयमा समावेश गरिएको छ । नेपाली समाजमा विद्यमान विकृति र विसङ्गतिलाई मिहिन ढङ्गले कथामा प्रस्तुत गनु सक्नु नै कथाकार थिङको मूल वैशिष्ठ्य हो । प्रस्तुत 'आयाम' कथामा प्रमुख पात्रका रूपमा याङ्जी र सहायक पात्रका रूपमा आमा, सुरज लगायतका प्रवृत्तिहरू रहेको देखिन्छ । वैवाहिक जीवनको क्रमभङ्गता र जीवनको निरन्तरतालाई नयाँ आयामका रूपमा कथाकारले उठाएको पाइन्छ । नारी मन, प्रेम र जीवन दर्शनका तरङ्गहरूलाई मानवताका केन्द्रमा नारी जातिलाई सजीव तुल्याउने नारीवादी दृष्टिकोण कथामा प्रस्तुत भएको पाइन्छ । कथाको केन्द्रबिन्दुमा पाठकका आकर्षणका नारीपात्रद्वय याङ्जी र शन्तमाया विवाहको बन्धनमा बाँधिएपछि आएका निरस र एकल वैधव्य जीवनका सङ्घर्षपूर्ण गाथालाई कथामा मुख्य विषयवस्तुका रूपमा उठाइएको पाइन्छ । जीवन नश्वर छ, मृत्यु अवश्यम्भावी छ यद्यपि नारीले विवाहपश्चात् आफ्ना पतिको निधनमा आजीवन वैधव्य जीवन बाँच्नुपर्ने, सेतो पहिरनमा रहनुपर्ने, बाँकी जीवनका अतृप्त चाहना र खुसीलाई जबर्जस्ती दमन गर्नुपर्ने एउटा नेपाली समाजको परम्परा र चाहना देखिन्छ । विधवा नारीले जीवन जिउन र फाटेको मन सिउन अर्को विवाह गर्न समाजले स्वीकार गर्दैन । समाज विपरीत निर्णय गरे नारी असभ्य, अनुशासनहीन, गतिछाडा, मतिभ्रष्ट आदि उपनामले कलङ्कको टीका लगाइदिन्छ ।

सामाजिक व्यवस्था जेजस्तो भए पनि यस कथाले परम्परागत रूढी मान्यतालाई आक्रमण गरी नयाँ आयाम प्रस्तुत गरेको पाइन्छ । कथामा याङ्जी र शन्तमायालाई वैधव्य जीवनपछि पुनर्विवाह गराएर बाँकी

जीवन सुमधुर, रसिक र सुखपूर्वक बिताएको कारूणिक, मार्मिक र स्मरणीय कथानक भेटिनुले प्रस्तुत कथामा नारीवादी चेतना परिपाक अवस्थामा पुगेको देखिन्छ । प्रस्तुत कथामा नारी उत्पीडनमा परेकी छैनन् बरू परिस्थितिजन्य कारणले विधवा भएकी छिन् । यसको मर्मलाई शिरोपर गरी नारीको बाँकी जीवनलाई सार्थक बनाउन कथाकार अग्रसर भएको देखिन्छ । समाजमा लैङ्गिक विभेद कायम छ भन्ने कुरामा भन्दा पनि नारीले त्यो पितृसत्तात्मक विभेदबाट त्राण पाउनुपर्छ भन्ने कुरासँग लेखक सहमत छिन् । समाजमा बलात्कार, हिंसा र बहुविवाहका घटनाहरू अद्यपि कायम नै छन् । श्रीमान्को कालगति वा भवितव्यका कारणले निधन भएपछि श्रीमती विधवा बनेर आजीवन फोटो पूजा गरेर बस् भन्ने हाम्रो सामाजिक र परम्परित दृष्टिकोणलाई कथाले किनारा लगाएको देखिन्छ । कथाकारले प्रस्तुत कथामा त्यो नेपाली समाजमा पितृसत्ताको मत्तालाई तोडेर नवीन चेतना स्थापित गर्न खोजिएको पाइन्छ । नेपाली समाजमा स्थापित नारीको अपमानजनक पहिचानलाई उखेल्ने काम कथामा भएको छ । परिवारभित्र विधवा बनेर नारी बाध्यतापूर्वक जुन जीवन बाँचेकी छ त्यो कथाकार विना थिङलाई स्वीकार्य देखिँदैन । सबैतिरबाट शक्तिहीन तुल्याइएकी नारी स्वाभिमानपूर्वक समाजसँग सिँगौरी खेल्नुपर्छ र नारी जीवनमूल्यको अस्तित्व खोज्नुपर्छ भन्ने अस्तित्ववादी स्वरसमेत मुखरित भएको पाइन्छ । गणतन्त्र आइसकेपछि नेपाली समाजमा नारीको हैसियतले उचाइ पाए पनि अन्तर्य भने परम्परित नै रहेको कथाकारको ठम्याई रहेकाले नारी चेतनाको अजस्र रचनाका रूपमा 'आयाम' कथालाई पाउन सकिन्छ ।

पच्चिस वर्षको उमेरमा विधवा भएकी याङ्जीका पति कमल मोटरसाइकल दुर्घटनामा परेर मृत्यु भएको देखिन्छ । पतिको देहान्तले विक्षिप्त बनेको याङ्जीको मनमा जीवन जिउन सिकाउने सासूआमालाई आदर्श नारी पात्रका रूपमा फेला पार्न सकिन्छ । छोरोको छायाँ र छोरीको माया प्राप्त गर्ने अभिलाषा र दूरदर्शी नारीका रूपमा कथाकी पात्र आमालाई देख्न सकिन्छ । उनी भन्छिन् : म अहिल्यै बूढी भइसकेँ ठानेको ? यति काम गर्न सक्दिनँ सोचेछ । हातगोडा तगडै छन् । याङ्जीलाई कामको धपेडी छ । म कामबाट अलिक छिटो आइपुग्छु । फुर्सद भएरै गरेको हो (पृ.७१) । यसरी आमाले छिमेकीलाई दिएको प्रत्युत्तरबाट याङ्जीकी सासूआमा नयाँ आयाम बोकेकी आदर्श नारी पात्र हुन् । नारीले नारीको अस्तित्वलाई सजीव तुल्याइदिनुपर्छ भन्ने कर्तव्यपरायणता बुझ्केकी नारीवादी पात्रका रूपमा सासुआमालाई लिन सकिन्छ । याङ्जीले लोग्नेको मृत्युपछि नोकरी गरेर विक्षिप्त मनलाई कर्मको मल्हमले सम्हालेकी छिन् । घरको कामको बोझ आफ्नै काँधमा उठाएर याङ्जीलाई जागिर र नयाँ जीवन खोज्न प्रेरित गर्ने सासूआमालाई नारीवादी दृष्टिकोण भएकी पात्रका रूपमा फेला पार्न सकिन्छ ।

सासुआमाले याङ्जीलाई काममा व्यस्त भए मनलाई अनावश्यक कुराले थिच्न सक्दैन र जीवनमा नयाँ आयाम खोज्न सकिन्छ भन्ने कुरालाई कथामा अभिव्यक्त यो प्रसङ्गले स्पष्ट पार्छ :

> 'तिमीले अब जब गर्नुपर्छ याङ्जी । यसरी घोत्लिएर हुँदैन' (पृ.७२) । यहाँ एकल महिला घरमा घोत्लिएर र कुण्ठित भएर घरमा बसिरहँदा विभिन्न खराब विचारहरू उत्पन्न हुन सक्छन् । चिन्ताले व्याकुल हुँदा चितामा पुग्न सकिने यथार्थलाई महसुस गरी सासूआमाले बुहारी याङ्जीलाई काम गरी व्यस्ततामा बाँध्न प्रेरित गरेको सन्दर्भले नारीवादी चेतना कथामा परिपाक अवस्थामा पुगेको देखिन्छ ।

समाजमा नारी अस्तित्वलाई स्वीकार गरी नारी स्वतन्त्रताका लागि पुरूषले उपयुक्त वातावरण सिर्जना गरिदिने हो भने महिलाहरू आफू बाँचेको युगप्रति कृतज्ञ बन्दछन् । नारीको पहिरन र आभूषण नै नारी सौन्दर्यको अनुपम बान्की भएको कुरालाई कथामा सुरज पात्रका माध्यमबाट यसरी प्रस्तुत गरिएको छ : याङ्जी,

तिमीलाई हरियो कुर्था र टीका खुब सुहाउँछ । कुनै दिन सुरज सरले भनेका थिए (पृ.७६) । कथांशमा याङ्जीले काम गर्ने कार्यालयका प्रमुख व्यवस्थापक सुरजद्वारा नारीवादी चेतना अभिव्यक्त भएको पाइन्छ । नारीको शोभा भनेको परिधान भएकाले पहिरनले नारी पहिचानलाई सजीव र जीवन्त तुल्याउन विधवा पहिरनमा काममा आएकी याङ्जीलाई टीका र हरियो कुर्थामा सजिन प्रोत्साहन गर्नुलाई नारीवादी चेतनाको अनुपम दृष्टान्त मान्न सकिन्छ ।

नारीपुरूषलाई एक रथका दुई पाटा मानिन्छ । त्यसरी नै नारीका लागि जीवनका हरेक घुम्टीमा अत्यावश्यक पात्रका रूपमा पति वा श्रीमान्‌को उपस्थिति प्रमुख रहन्छ । यसै सन्दर्भमा कथामा आएकी अर्की नारी पात्र शन्तमायाको पनि श्रीमान्‌को निधन भएको देखिन्छ । पुनर्विवाहपछिको जीवन असाध्यै सजिलो र प्रेममय बन्न सक्दोरहेछ भन्ने दृष्टान्तका रूपमा शन्तमायाद्वारा अभिव्यक्त विचारलाई यहाँ प्रस्तुत गर्न सकिन्छ : ‘मोइले ब्या गारैं मिस । उसले मोलाई धेरै माया गार्छ । मो काम गार्ने घरमै डाइभर काम गार्छ’ (पृ.७६) । शन्तमायाले आधा घण्टामा वर्षदिनको घटना अगाडिपछाडि गरेर सुनाएको पाइन्छ । कथांशमा अभिव्यक्त विचार कथाकी सहायक पात्र शन्तमायाको हो । उनी याङ्जीजस्तै पतिको मृत्युपछि अर्को विवाह गर्ने नारी व्यक्तित्व हुन् । एक छोरा र एक छोरीको आमा बनेकी शन्तमायाले डाक्टर दम्पतीका घरमा काम पनि पाइन् भने त्यही घरमा जीवनको एउटा आशा र सहारा भेटाएको पाइन्छ । त्यहाँ काम गर्ने सानु तामाङसँगको पुनर्विवाहले शन्तमायाको बाँकी जीवन पनि फेरि सुखद लयमा फर्किएको देखिन्छ । नारीका लागि जीवनका हरेक मोडमा एउटा सहयोगी पुरूष साथी र सहारा अत्यावश्यक हुन्छ । उनका उद्‌गारमा समाजमा पुरूषलाई मात्र होइन, नारीलाई पनि नारीसुख आवश्यक हुन्छ भन्ने नारीवादी चिन्तन कथामा प्रस्तुत भएको पाइन्छ । सामाजिक परम्पराभन्दा भिन्न आयाममा कथा विधवा पात्र याङ्जी र शन्तमायाको पुनर्विवाहपछिको जीवनलाई मुसुक्क हँसाएर कथामा नारीवादी दृष्टि प्रस्तुत गरेको पाइन्छ ।

यसरी कथामा श्रीमानको निधनपछि विधवा महिलालाई सेतो कपडा, शृङ्गारमा निषेध, पुनर्विवाहमा निरूत्साहन, सामाजिक रूपमा समायोजन हुन शङ्कोच, सामाजिक दवावको सट्टा आत्मसम्मान, सामाजिक पहिचान र मानवताका स्पर्शहरू आवश्यक हुन्छन् । बरू विधवालाई पुनः विवाह गराई बसेको प्रसङ्ग नारी चेतनाको दृष्टिमा एक प्रगतिशील र विद्रोही सङ्केतका रूपमा ग्रहण गर्न सकिन्छ । कथाका घटनाक्रमले विधवा महिलालाई जीवनभर दुःख, संयम र एकान्तमा निरस भई बस्ने पात्रका रूपमा देखाएको छैन बरू यस्तो परम्परालाई प्रत्यक्ष चुनौति दिन्छ । स्वतन्त्र निर्णय गर्ने अधिकार, भावनात्मक आवश्यकताहरू र मानवीय सम्मानलाई महत्त्व दिइएको देखिन्छ । वैधव्य नारीले पनि पूर्ण जीवन, प्रेम, सम्मान र नयाँ जीवन सुरूवात गर्ने अधिकार राख्छिन् भन्ने प्रगतिवादी नारीवादी धारणालाई उजागर गर्छ । नारीलाई पितृसत्तात्मक समाजले सिर्जना र निर्माण गरिएको संरचनामा रहन बाध्य पारिएको र त्यो बाध्यताको सीमा नाघ्न नसक्दा नारीजाति पछाडि परेको यथार्थलाई प्रस्तुत कथाले विद्रोह गरेको पाइन्छ जुन नारीवादी अवधारणा र मान्यता हो । यही मान्यतालाई विना थिङको ‘आयाम’ कथाले प्रस्तुत गरेको पाइन्छ ।

एकल र वैधव्य जीवन बाँच्नु आफैँमा कठिन, निरस र पीडादायी छ । सासूआमाले पनि आफ्ना पतिको निधन भएपछि बिताएका कष्टप्रद दिनहरू सम्झेर नारीले नारीको मनोभावनालाई बुझ्न सकेमा विधवापछिको जीवनलाई उपलब्धिमूलक बनाउन सकिने कुरालाई कथाले मार्मिक रूपमा यसरी प्रस्तुत गरेको पाइन्छ । कथाको अन्त्यमा सासूआमाले बुहारीको प्रेमलाई स्वीकार गरेर विवाह गर्न अनुमति दिनु र केही शर्त अघि

सारेको सन्दर्भलाई नारी चेतनाको परिपुष्ट्याइँ गरेको पाइन्छ । आमा भन्छिन् : 'याङ्जी, त्यो दुर्घटनामा कमल नबितेको भए तिमी मेरो बुहारी नै रहन्थ्यौ । अहिले तिमी मेरो छोरी हौ । म महसुस गर्न सक्छु, एक्लो बाँच्न कति सकस हुन्छ भनेर । मैले कमलको बाबुबिना बिताएको यो उन्नाईस वर्षहरूले बोध गराएको छ । म बुझ्छु तिम्रो मनस्थिति । तिमी ऊसँग भावी जीवन बिताउन तयार छौ भने मैले रोक्ने कुरै छैन । तर, एउटा शर्त छ । तिमी दुई बिहेपछि पनि मसँगै बस्न पर्छ । यो बुढेसकालमा आमालाई छाडेर जान पाउन्नौ' (पृ.७८-७९) ।

यस कथनले सासूआमा पात्रका माध्यमबाट नारी र पुरूषको समान सहभागिताले मात्र एउटा पूर्ण परिवार बन्ने साथसाथै पारिवारिक उन्नति सम्भव हुने तथ्यलाई प्रस्तुत गरिएको छ । सासुआमाको यस कथनले नारीलाई पतिको निधनले जीवनभर एकल बनाउने हाम्रो परम्परागत सामाजिक-सांस्कृतिक मान्यताको विरोध मात्र गरिएको छैन अपितु यो परम्परा कुरीति, विसङ्गति र नारीविभेदपूर्ण प्रचलन भएकाले नारीको अस्तित्वलाई स्वीकार गरी पुनर्विवाह गराएर परिवर्तनको अपेक्षा प्रस्तुत गरिएको छ । अबको समाजमा नारीहरू परम्परावादी नारीबन्धन र आदर्शको घेराबाट मुक्त हुनपर्छ भन्दै पितृसत्तात्मक समाजले पुरूषलाई मात्र छुट दिएकाले नारी स्वतन्त्रतालाई आत्मसात् गरिएको पाइन्छ । यस कथामा नारीचेतना, नारी स्वतन्त्रता र नारी समानतालाई सशक्त रूपमा देखाइएको छ । यसरी सासूआमामा रहेको आदर्श नारीत्वले बुहारीलाई छोरीका रूपमा ग्रहण गर्न सके सभ्य समाज निर्माण हुने र नारी एकतामा पनि बल पुग्ने कुरालाई देखाउनु नारी चेतनाको उच्चतम् दृष्टान्तका रूप लिन सकिन्छ ।

वस्तुतः लेखमा सासूबुहारीको सम्बन्ध नारी चेतनाको प्रगतिशील उदाहरणका रूपमा अभिव्यक्त भएको पाइन्छ । छोरो कमलको निधनपछि एकल जीवनको बोझमा थिचिएकी याङ्जीलाई सासूले विज्ञापन पत्रिका ल्याएर दिएको सन्दर्भ मूल प्रेरणा बनेको देखिन्छ । याङ्जीले काम गर्ने कार्यालयको सुरजलाई प्रेमीको रूपमा स्वीकार गर्नु र सासूले राजीखुसी भएर उनीहरूको विवाहका लागि समर्थन गर्नु नारी चेतनाको उच्च तह प्रकट भएको सन्दर्भ मानिन्छ । त्यतिबेलै सासूले सामाजिक कुप्रथा, विधवाप्रति हुने नकारात्मक दृष्टि र पितृसत्ताको बाधालाई उपेक्षा गर्दै छोरो कमलको निधनपछि बुहारीलाई छोरीको रूपमा व्यवहार गरी याङजीको व्यक्तिगत इच्छा र भावनात्मक आवश्यकताहरूलाई सम्मान गर्नु नारी चेतनाको प्रगतिशील र चरम अभिव्यक्ति मानिन्छ । यसरी स्वयम् सासूले बुहारीलाई आफ्नै छोरीका रूपमा समर्थन गर्दै प्रेम, विवाह र पुनःस्थापनाको अधिकारलाई मान्यता दिनुले नारी एकता, संवेदना र सहकार्यको उज्ज्वल पक्षलाई पक्षपोषण गर्दछ । कथाका सन्दर्भ र पात्रको भूमिकालाई अध्ययन गर्दा कथामा नारीचेतनाको आत्मपहिचान, स्वाभिमान र अधिकारबोधको रूपमा सशक्त ढङ्गले अभिव्यक्त भएको देखिन्छ । यसले पितृसत्तात्मक संरचनाप्रति सघन र गहन प्रश्न उठाउँदै नारी अस्तित्वको स्वतन्त्रता कथानिहित नारीचेतनाको उपजका रूपमा उद्बोधन भएको पाइन्छ ।

## निष्कर्ष

बिना थिङद्वारा लिखित प्रस्तुत कथा 'आयाम' नारीचेतनामा आधारित कथा हो । यहाँ नारीकेन्द्री विचार सशक्त रूपमा मुखरित भएको पाइन्छ । कथामा आएको नारी समस्या समाजको परम्परागत पितृसत्ताको उपज भएकाले नारी स्वतन्त्रता र नारी अस्तित्वका लागि पात्रहरूले शान्त विद्रोह गरेका छन् र परम्परागत रूढी मान्यतालाई समयानुकूल परिवर्तन गर्न खोजेका छन्, जुन कुरा स्वाभाविक पनि छ । अन्ततः नारी पात्र सफल भएका छन् भने हरेक नारीको सफलताका लागि पुरूषको हात, साथ र सद्भाव पनि अपरिहार्य रहेको देखाइएको छ । नारीजनका शारीरिक र मानसिक कुण्ठा एवम् एषणालाई दमन गर्नुको साटो सभ्य समाधान

गरी प्रजातान्त्रिक समाज निर्माणको आग्रह गरिएको छ । निश्चय पनि पश्चिमी शैलीको छाडापन त नेपाली समाजउपर उपयुक्त छैन । दाम्पत्य र मातृत्वको सही कदर गर्न सके मात्र जीवनले सम्पूर्णता पाउँछ । नारीहरू आय आर्जनमा निर्भर हुन थालेपछि उनीहरूले आत्मस्वाभिमानपूर्वक जीवन जिउने चाहना राख्नु एवम् दाम्पत्य र मातृत्व बोझ भयो भन्नेतर्फ ध्यान जानु अस्वाभाविक पनि देखिन्न अपितु थिङको दृष्टिकोणको निर्माण मानवता र नारीवादको केन्द्रीयतामा भएको छ । उनले सामाजिक पारिवारिक जीवनका वृत्तका थुप्रै सन्दर्भलाई विषयका रूपमा टिपेकी छिन् । तीमध्ये नारी सन्दर्भ एक प्रमुख र महत्त्वपूर्ण सन्दर्भ रहेको छ । नारी चेतनाका सन्दर्भबाट प्रस्तुत कथालाई पितृसत्तात्मक संरचनाको चुनौति र महिलाको स्वतन्त्र निर्णयाधिकारको खुला अवसरको रूपमा लिन सकिन्छ । कथामा विधवाले पुनः विवाह गर्ने निर्णय लिन पाउनुलाई स्वायत्तताका रूपमा लिइएको छ भने विधवाको इच्छालाई प्राथमिकता दिएकाले नारी चेतना सघन रूपमा उठाएको देखिन्छ ।

कथाका अभिभावक पात्र सासूआमाका माध्यमबाट नारीको स्वतन्त्रता, आवश्यकता र बाध्यतामा अनुकूल निर्णय गर्न समाजसँग अपेक्षा गरिएको छ । पतिको अनुपस्थितिले पत्नीको जीवन जटिल, पीडादायी, अभिभावकविहीन आदि बन्नुपरेको यथार्थलाई हृदयङ्गम गरी कथाका दुई विधवा पात्रलाई पुनर्विवाह गराएर प्रगतिशील विचारका साथ नारी चेतनालाई परिपाक अवस्थामा पुऱ्याइएको छ । नेपाली समाजमा विधवा जीवनलाई सामाजिक र सांस्कारिक रूपमा निकै कष्टप्रद ठान्दै वैधव्य नारीका जीवन जिउने अधिकारलाई सजीव तुल्याउन पुनर्विवाहलाई प्रोत्साहन गरिएको छ । याङ्जी र शन्तमाया विधवा नारी पात्रका रूपमा प्रस्तुत भएका छन् र यी एकल महिलालाई जीवनसाथीका रूपमा क्रमशः सुरज र ड्राइभरसँग पुनर्विवाह गराएर बाँकी जीवन सुमधुर भएको देखाइएको छ । कथामा सासूआमाले विधवा बुहारी याङ्जीलाई अर्को विवाह गर्न प्रेरित गरेकी छिन् जुन परम्परागत समाज विपरीत भए पनि आदर्श नारीले नारीका समस्यालाई मानवका रूपमा हेर्नु पर्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । कथामा नारीमाथि घर, परिवार, समाजले मात्र होइन समग्र पितृसत्ताले उसको अस्तित्वलाई स्वीकार गर्ने चेतनाको अपेक्षा गरी पूर्ण समाज निर्माणमा नारीको उपस्थिति र भूमिका महत्त्वपूर्ण हुने सन्दर्भ प्रस्तुत भएको छ । प्रस्तुत कथाको विषयवस्तु परम्परावादी पितृसत्ताको विपरीत देखिए पनि समाजमा नारीका स्वतन्त्रता, समानता र नारी अधिकारजस्ता विषयलाई जोड दिइएकाले यो कथा नारीचेतनाका सापेक्षमा अत्यन्त सशक्त रहेको छ ।

## सन्दर्भसूची


अधिकारी, ज्ञानु (२०७६).'अर्की आइमाई उपन्यासमा नारीचेतना'. *अपरा* (पूर्णाङ्क ३, फागुन).पृ.१०७-११६ ।

गैरे, शंकरप्रसाद (२०७९).'सत्ताको खोजमा नाट्यकृतिमा नारीवादी चेतना' *सरस्वती सदन.* ६ (१).पृ.१२२-१३२ ।

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप, अनेक पठन.* ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा (२०६९). *नारीवादी सौन्दर्य चिन्तन.* भृकुटी एकेडेमी पब्लिकेसन ।

त्रिपाठी, सुधा (२०७६). 'पाश्चात्य नारीवाद र त्यसको स्वरूप'. *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड.* रत्न पुस्तक भण्डार ।

थिङ, बिना (२०७७). *याम्बुनेर* पहिलो संस्क..फिनिक्स बुक्स ।

भट्टराई, रमेशप्रसाद (२०७७). *सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६३). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* दोस्रो संस्क..विद्यार्थी पुस्तक भण्डार ।